ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np


प.स:-२०७६/०७७ — १ नं. प्रदेश, नेपाल

च.नं.:- १०६ — मिति :-२०७६/०५/१७

---

**विषय :- डेंगु रोग नियन्त्रण तथा रोकथाम सम्बन्धमा ।**

**श्री प्राथमिक स्वास्थ्य केन्द्र**
**स्वास्थ्य चौकी ..................।**
**ऐसेलुखर्क गाउँपालिका-१,खोटाङ ।**

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालय दिक्तेल खोटाङको च.नं.५०, मिति २०७६/०५/१६ गतेको पत्रानुसार मुलुकको विभिन्न स्थानहरुमा डेंगु रोग महामारीको रुपमा फैलिरहेको र दिन प्रतिदिन प्रकोप बढिरहेको विषयमा उक्त रोग नियन्त्रण तथा व्यवस्थापनका लागि तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरि डेंगु रोग नियन्त्रण तथा रोकथाम गर्न आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

**तपसिल**

- डेंगु रोग (लामखुट्टेको टोकाईबाट सर्ने एक प्रकारको किटजन्य सरुवारोग) को बारेमा समुदायमा सचेतनामुलक क्रियाकलापहरु सञ्चालन गर्ने ।
- रोग नियन्त्रण गर्न संक्रमितहरुको निदानका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, बिराटनगरसंग समन्वय गरी परिक्षण किट आपुर्ति गरी जिल्ला अस्पताल, खोटाङ, दिक्तेललाई उपलब्ध गराई परीक्षण तथा परामर्श सेवा सहज गरिएको हुँदा संभावित बिरामी (लक्षण तथा चिन्ह : उच्च ज्वरो आउने, टाउको दुख्ने, पेट दुख्ने, वाकवाकी लाग्ने, आँखाको गेडि दुख्ने, जीउ, जोर्नी दुख्ने, रातोरातो बिमीराहरु दैखा पर्नु, आदी भएका व्यक्ति) लाई सहयोगात्मक उपचार तथा व्यवस्थापन गर्दै नजिकको परीक्षण सुविधा भएको स्वास्थ्य संस्थामा प्रेषण व्यवस्था गर्ने ।
- रोकथामका उपायहरु(पानी जम्न सक्ने भाँडाहरु जस्तै : गमला, फुलदानी, खाली बट्टा, गाडीको काम नलाग्ने टायर आदीमा पानी जम्न नदिने, पानीका ट्याङ्गीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्ने, कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टीतेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने, लामखुट्टेको टोकाइबाट बच्न लाममखुट्टे भगाउने मल्हम दल्ने, घरका झ्याल ढोकामा जाली लगाउने, घर बरिपरि सफा सुघर राखी पानी जम्ने खाल्टाखुल्टी पुर्ने, आदी) का बारेमा सचेतनामुलक क्रियाकलापहरु सञ्चालन गर्ने ।
- स्वास्थ्य कार्यालय खोटाङ मार्फत हुने दैनिक प्रतिवेदनका लागि तथ्यांक उपलब्ध गराई दिने ।
- रोग नियन्त्रण गर्न RRT परिचालन तथा समन्वय गर्ने ।
- रोग नियन्त्रणका लागि समुदाय परिचालन, समन्वय तथा सचेतनामूलक क्रियाकलापहरुमा जोड दिने ।

२०७६/०५/१७

(जीवन निरौला)
प्रमुख प्रशासकीय अधिकृत

"नतिजामुखी प्रशासन,समृद्धि र सुशासन"